# सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका – ५ मा आगलागी हुँदा १० लाख बराबरको क्षति

मिति २०७४।०५।०८ गते अ.२२:०० बजेको समयमा जिल्ला सिन्धधुपाल्चोक मेलम्ची नगर पालिका वडा नम्बर ५ स्थित भदौरे भन्ने स्थानमा ऐ.ऐ.बस्ने देबी प्रसाद चौलागाईको घरमा अचानक ग्यास लिकेज भई आगलागि भएको छ भन्ने खबर आज मिति २०७४।०५।०९ गते ०९:०० बजेको समयमा खबर प्राप्त हुन साथ यस प्रहरी चौकी भोटेचौरबाट प्र.क.को टोली खटिगई हेर्दा ,बुझदा निजको ढुङ्गा माटोले बनेको जस्ताको छानो भएको कच्ची घर पुर्ण रुपमा जलि क्षति भएको र उक्त घरमा रहेको, लताकपडा,गरगहना, अन्नपात र नगद रु ४०,०००।– गरी अ.१० लाख बराबरको क्षती भएको मानबिय, चौपाय क्षति नभएको उक्त स्थान प्रहरी चौकिबाट १५ कि.मि.उत्तर पर्ने व्यहोरा यस जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गरिन्छ।

**स्रोत:जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि नं.पा, सिन्धुपाल्चोक**